नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
( ............................ फाँट)
ललितपुर

☎ ५-५२११६५, ५-५२३०५१

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

मितिः २०८१।०२।२१
**ने.स. : ११४४ वछलागा, १२ सोमवार**

## राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी सूचना

राष्ट्रिय परिचयपत्र विवरण दर्ताको लागि ललितपुर जिल्ला बाहिर स्थायी ठेगाना भएका सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेश प्रदेशका सप्तरी र सर्लाही जिल्लाका सेवाग्राहीहरुलाई सेवा दिदै आएकोमा मिति २०८१ साल जेष्ठ २० गतेको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरवार, काठमाडौको प्रकाशित सूचना अनुसार ललितपुर जिल्ला बाहेकका सबै सेवाग्राहीहरुले मिति २०८१ साल जेष्ठ २२ गतेदेखि नारायणहिटी संग्राहालय परिसर, काठमाडौबाट सेवा लिनु हुन सबैमा अनुरोध छ।

२०८१।२।२१

कल्पना घिमिरे नेपाल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मितिः २०८१/०२/२०
ने.स.११४४ बछलागा,१० आइतबार

राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी अत्यन्त जरूरी सूचना

हाल देश भरिका ७७ वटै जिल्ला प्रशासन कार्यालयहरू, १ सीमा प्रशासन कार्यालय, ५४ वटा इलाका प्रशासन कार्यालय तथा विवरण दर्ता अभियान सञ्चालन भईरहेका स्थानहरूबाट राष्ट्रिय परिचयपत्रको विवरण प्रविष्ट गर्ने कार्य भई रहेको छ।

राष्ट्रिय परिचयपत्रको विवरण प्रविष्ट गर्ने कार्यको लागि माथि उल्लेख गरिएका स्थानहरूको अतिरिक्त काठमाडौं उपत्यका बाहिर स्थायी ठेगाना भई हाल काठमाडौं उपत्यकामा बसोबास गरिरहेका नागरिकहरूको लागि मिति २०८१/०२/२१ गते देखि तपसिलका स्थानहरूमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्ने व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि.नं. | विवरण दर्ता स्थान | स्थायी बसोबास भएका प्रदेश र जिल्ला | आवश्यक कागजात |
|---|---|---|---|
| १. | नारायणहिटी दरबार संग्रहालय परिसर | काठमाडौं, भक्तपुर र ललितपुर बाहेकका जिल्लाका सेवाग्राहीहरू | १. नागरिकता प्रमाणपत्रको सक्कल,<br>२. बसाई सरी आएकाको हकमा बसाई सराई प्रमाणपत्रको सक्कल,<br>३. विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्र |
| २. | राष्ट्रिय सभा गृह | काठमाडौं महानगरपालिकाका सेवाग्राहीहरू | |

नोटः काठमाडौं जिल्लाको विभिन्न स्थानीय तहको परिचयपत्र वितरण अभियानमार्फत परिचयपत्र लिन छुटेका सेवाग्राहीहरूले नारायणहिटी दरबार संग्रहालय परिसरबाट आफ्नो परिचयपत्र लिनुहुन अनुरोध छ।

(युवराज कटेल)
महानिर्देशक

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np